स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



गत वर्ष प्रदर्शनमा आएको फिल्म 'रङ्गेली'बाट निर्देशनमा डेब्यु गरेका अर्जुन सुवेदीले आफ्नो दोस्रो फिल्म 'सोल्टिनी'को निर्माण घोषणा गरेका छन्। फर्स्टलुक पोस्टरमार्फत् फिल्मका कथावस्तुबारे जानकारी गराइयो। अभिनेता प्रकाश सपूत र अभिनेत्री परीक्षा लिम्बूलाई लिएर बन्न लागेको फिल्मले जातीय भेदभाव र वियोगान्त प्रेमकथा भन्नेछ। सार्वजनिक पोस्टरमा प्रकाश र परीक्षा भावुक मुद्रामा प्रस्तुत छन्, जसले उनीहरुबीच विछोड हुन लागेको संकेत गर्छ।

**आजको विचार...**



सञ्जय शर्मा

कोही...

(दुई पेजमा)



दक्षिण भारतीय अभिनेता अल्लु अर्जुन अभिनीत पछिल्लो फिल्म हो 'पुष्पा २'। बहुप्रतिक्षित फिल्म 'पुष्पा २' गत बिहीबारदेखि सार्वजनिक प्रदर्शनमा आएको हो। फिल्मले प्रदर्शनको पहिलो दिनदेखिनै बक्स अफिसमा नयाँ-नयाँ रेकर्ड बनाइरहेको छ । भारतीय सञ्चारमाध्यमका अनुसार फिल्मले पाँच दिनमा भारतीय बक्स अफिसमा ५९३ करोड कमाएको छ भने विश्वव्यापी रूपमा ९०० करोड कमाएको छ। अल्लु अर्जुनका अलवा फिल्ममा रश्मिका मन्दना, फरद फासिल, जगपति बाबु, धनञ्जय, राव रमेश, सुनील लगायतको अभिनय छ।

❐ वर्ष ३० ❐ अंक १३९ ❐ २०८१ मंसिर २७ गते बिहीबार 12 December 2024, Thursday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# विद्यार्थी पढ्दै, कुखुरापालनमा रमाउँदै

## विद्यार्थीले घरमा पालेका कुखुराको आम्दानी आफैँले किताब, कपी, कलमलगायत शैक्षिक सामग्री खरिदमा उपयोग गर्न सक्ने भएकाले परिवारमा आर्थिक बोझ कम भएको छ ।

**रासस**

वालिङ (स्याङ्जा), मंसिर २६/'पढ्दै कमाउँदै' कार्यक्रमअन्तर्गत बिरुवा गाउँपालिका-७ कुसुमभञ्ज्याङस्थित जीवनज्योति माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीले कुखुरापालन गरेका छन् । त्यसबाट उनीहरूले सामान्य खर्चको जोहो गर्दै आएका छन् ।

प्रधानाध्यापक सामबहादुर गुरुङका अनुसार पढ्दै कमाउँदै कार्यक्रमअन्तर्गत विद्यालयमा अध्ययनरत कक्षा ६ देखि १२ सम्मका बालबालिकाले विद्यालय परिसरमा नै कुखुरापालन गरेका हुन् । विद्यालय परिसरमा गिरीराज र कोइलरका दुई सय वटा कुखुरापालन गरिएको छ । पढाइको अलावा विद्यार्थीलाई व्यावहारिक ज्ञान, सीप दिनुका साथै विद्यालय तहबाट नै आम्दानीसँग जोड्न यो कार्यक्रमले महत्वपूर्ण टेवा पुगेको छ 'विद्यालय परिसरमा विद्यार्थीको प्रत्यक्ष रेखदेखमा कुखुरापालन गरिएको छ', उनले भने, 'विद्यालय सञ्चालन भएका दिनमा विद्यार्थीले रेखदेख गर्ने भए पनि बिदाका दिनमा भने छुट्टै कर्मचारीको व्यवस्था मिलाएका छौँ ।' विद्यालयमा पालिएको कुखुराले दिने अण्डाबाट विद्यालयमै रहेको ह्याचिङ मेसिनबाट चल्ला उत्पादन गर्ने र बिक्री गरी आम्दानीका रूपमा दाखिला हुने गरेको छ ।



विद्यालयमा पढाइसँगसँगै सिकेको व्यावहारिक सीपलाई घर गएर पनि विद्यार्थीले उपयोग गर्न सक्ने बनाउन विद्यालयले चल्ला उत्पादन गरी उपलब्ध गराउँदै आएको छ । विद्यार्थीले घरमा चल्ला लगेमा नयाँ चल्ला उत्पादन भएपछि साँवास्वरुप फिर्ता गर्ने र बाँकी रहेका चल्ला वा तिनले दिएका अण्डा आफैँले बिक्री गर्न पाउने व्यवस्था विद्यालयले मिलाएको छ । 'विद्यार्थीले विद्यालय वा घरमा पालेका कुखुरा, चल्ला तथा अण्डा बिक्री गर्न विद्यालयले सहजकर्ताको भूमिका निर्वाह गर्दै आएको छ', उनले भने, 'विद्यार्थीले आफैँ बिक्री गर्न पनि सक्ने र बिक्री नभएको खण्डमा विद्यालयले बजारीकरण गर्ने उल्लेख भए तापनि हालसम्म विद्यार्थी स्वयंबाट सहज तरिकाले बिक्री भइराखेको छ ।' चालु शैक्षिकसत्रसँगै थालिएको यो अभियान निकै प्रभावकारी ढङ्गले अगाडि बढेको दाबी प्रधानाध्यापक गुरुङको छ । यस अभियानलाई प्रभावकारी ढङ्गले अगाडि बढाउँदै विद्यार्थीलाई सीपसँगै आर्थिक उपार्जनसँग जोड्न समन्वयकारी भूमिका निर्वाह गर्न स्रोत शिक्षकको व्यवस्था मिलाएको उनले बताए । विद्यार्थीले घरमा पालेका कुखुराको आम्दानी आफैँले किताब, कपी, कलमलगायत शैक्षिक सामग्री खरिदमा उपयोग गर्न सक्ने भएकाले परिवारमा आर्थिक बोझ कम हुने दाबी उनको छ ।

विद्यालयमा पालिएका कुखुरा, चल्ला तथा अण्डा बिक्रीबाट आएको रकम एकमुष्ट सङ्कलन गरी विद्यार्थीलाई दामासाहीले वितरण गरिन्छ । विद्यालयले मौरीपालन, च्याउखेती, सिलाइबुनाइ, वेल्डिङजस्ता व्यावहारिक सीप विद्यार्थीलाई सिकाउँदै आएको छ । साथै धान, मकै, कोदोलगायत खेती गरेर उत्पादित अन्न विद्यालय समयमा खाजाका रूपमा पनि प्रयोग गर्दै आएको छ ।

## रामपुरमा उपप्रमुखसँग 'किशोरी तथा बालिका शिक्षा' कार्यक्रम

**पाल्पा,** मंसिर २६/जिल्लाको रामपुरमा उपप्रमुखसँग किशोरी तथा बालिका शिक्षा कार्यक्रम भएको छ । लैंगिक हिंसा विरुद्धको १६ दिने अभियानको समापनका अवसरमा उपप्रमुखसंग किशोरी तथा बालिका शिक्षा कार्यक्रम अन्तर्गत लैगिंक हिंसा सम्बन्धी वक्तृत्वकला प्रस्तुतिकरण तथा अभिमूखिकरण कार्यक्रम भएको हो ।

कार्यक्रममा रामपुर नगरभित्रका आरधाभूत तह र माध्यमिक तहका छात्राहरुको वक्तृत्वकला र लैगिंक हिंसा सम्बन्धी अभिमूखिकरण कार्यक्रम भएको नगरपालिकाका प्रेस सल्लाहकार दानु हिस्कीले जानकारी दिए । उक्त कार्यक्रमलाई सम्बोधन गर्दै रामपुर नगरपालिकाका नगर प्रमुख रमणबहादुर थापाले घरबाटै हिंसाको सुरुवात भएकाले त्यसको अन्त्य पनि घरबाटै गर्न जरुरी रहेको बताए । उनले भने 'यसको लागि हामी आफै आफ्नै घरभित्रबाट निराकरण गर्न शुरु गरे सबै किसिमका हिंसाको अन्त्य गर्न सक्छौं ।' नगर प्रमुख थापाले विद्यार्थीहरुबाटै सचेतना फैलाउन सके



समाज सुधार हुने भन्दै विद्यालय र विद्यार्थीहरुबाटै हिंसा न्यूनिकरणका लागि सुरुवात गर्न आग्रह गरे । उनले बालविवाहका कारण बढी लैगिंक हिंसा हुने गरेको बताए । उपप्रमुख बालकुमारी थापाले लैगिंक हिंसा सम्बन्धी विभिन्न सचेतनाका कार्यक्रम सञ्चालन गरे पनि हिंसा न्यूनिकरण हुन नसक्नु चिन्ताको विषय भएको बताइन् । उनले विभिन्न क्षेत्रमा हुने हिंसालाई निर्मूल पार्न सबै सचेत नहुनुले लैगिंक हिंसा चुनौतिको रुपमा रहेको रुऔँल्याइन् । साथै उपप्रमुख थापाले हिंसारहित समाज निर्माणका लागि सबै सचेत हुन आवश्यक रहेको धारणा व्यक्त गरिन् । कार्यक्रममा रामपुर नगरपालिकाका प्रवक्ता कपिल बहादुर खाँणले लैगिंक हिंसा सम्बन्धी कानुन भए पनि यसको प्रभावकारी कार्यान्वयन हुन नसक्नु दुखद पक्ष रहेको बताए । प्रमुख प्रशासकीय अधिकृत सुर्य दर्शन पण्डितले लैगिंक हिंसा न्यूनिकरणका लागि विभिन्न अभियान तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आएको भन्दै लैगिंक हिंसाप्रति शुन्य सहनशिलताको नीति अनुसार अघि बढेको बताए । यस्तै ईलाका प्रहरी कार्यालय रामपुर पाल्पाका प्रमुख राम बहादुर नेपालीले शिक्षा र चेतनाको कमीका कारण घरेलु हिंसासँग जोडिएका उजुरी बढी आउने गरेको बताए । कार्यक्रममा रामपुर अस्पतालका सरिता पौडेलले हिंसाको प्रकार ,अवस्था,लैगिंक हिंसामा परेका पिडितलाई अस्पतालमा उपचारको व्यवस्था,मानसिक सहायता लगाएतका विषयमा सहजिकरण गरेकी थिइन् । उपप्रमुख बाल कुमारी थापाको अध्यक्षता, योजना शाखा प्रमुख विक्रम बस्नेतको सञ्चालनमा कार्यक्रम भएको थियो ।

### संक्षिप्त समाचार

## सुडानमा हवाई आक्रमण १०० को मृत्यु

(रासस/एएफपी)

**सुडान,** मंसिर २६/उत्तरी डार्फरको बजारमा सुडानी सेनाको हवाई आक्रमणमा एक सयभन्दा बढीको मृत्यु भएको लोकतन्त्र समर्थक वकिलहरूको समूहले जनाएको छ । इमर्जेन्सी लयर्सले भएको हवाई आक्रमणमा सयौँ घाइते भएको बताएको छ । यो आक्रमण एल-फासेर राज्यको राजधानीबाट करिब १८० किलोमिटर पश्चिममा पर्ने काबकाबिया सहरमा भएको थियो । यहाँ परामिलिट्री र्‍यापिड सपोर्ट फोर्सेस (आरएसएफ) ले मे महिनादेखि घेराबन्दी गरिरहेका छन् । आरएसएफ र नियमित सेनाबीचको युद्धले अहिलेसम्म दशौँ हजारको ज्यान लिएको छ, एक करोड १० लाखभन्दा बढी विस्थापित भएका छन् र संयुक्त राष्ट्रसैले यसलाई हालको इतिहासको सबैभन्दा खराब मानवीय सङ्कट भनेको छ । 'हवाई आक्रमण सहरको साप्ताहिक बजारको दिनमा भएको थियो, त्यहाँ नजिकैका विभिन्न गाउँका बासिन्दाहरू किनमेल गर्न भेला भएका थिए, आक्रमणबाट एक सयभन्दा बढी व्यक्तिको मृत्यु भयो र महिला र बालबालिका सहित सयौँ घाइते भए', द्वन्द्वको समयमा मानव अधिकार उल्लैनको दस्तावेजीकरण गर्ने वकिलहरूको समूहले भन्यो । समूहले यसलाई 'सेनाको हवाई आक्रमणद्वारा गरिएको भयानक नरसंहार' भनेको छ । एएफपीलाई पठाइएको फुटेजमा आक्रमणपछिको दृश्य देखिन्छ, जहाँ मानिसहरू भग्नावशेषमा खोजबिन गर्दै छन् र जलेका बालबालिकाका शवहरू जलेको भूमिमा छरपष्ट छन् । एएफपीले स्वतन्त्र रूपमा पुष्टि गर्न नसक्ने फुटेज नागरिक समाज समूह डार्फर जनरल कोअर्डिनेशन अफ क्याम्प्स फर द डिसप्लेस्ड एन्ड रिफ्युजीजद्वारा प्रदान गरिएको थियो ।


## कर्मचारी आवश्यकता

**सारा मोटर कर्प्स**का लागि केही कर्मचारीको आवश्यकता परेको हुनाले इच्छुक योग्य नेपाली नागरिकबाट रितपूर्वकको दरखास्त आह्वान गरिन्छ ।

**संख्या :** महिला १ (एक), पुरुष ३ (तीन)

**योग्यता :** +२ उत्तीर्ण

**तलव :** नियम अनुसार

**आवेदन दिने अन्तिम मिति :** २०८१/०८/३० गते सम्म ।

आवेदकले आफ्नो बायोडाटा सहित कार्यालयमा सम्पर्क गर्नुहोला ।

*(नोट : कम्प्यूटर सम्बन्धी ज्ञान भएको, मोटरसाइकल, स्कुटीको लाइसेन्स भएको र अनुभवीलाई विशेष प्राथमिकता दिइनेछ ।)*

**सारा मोटर कर्प्स**

होलाङ्गदी, तानसेन, पाल्पा

सम्पर्क नं. : ९८५७०८२५०१

E-mail : saramotorsales@gmail.com

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## न्यायलाई प्रभावित नपारौं

सहकारी प्रकरणमा नाम जोडिएका राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष एवं पूर्व गृहमन्त्री रवि लामिछानेसहित ठगीको आरोप लागेका विभिन्न व्यक्तिहरुको बयान लिने काम भइरहेको छ । जहाँ–जहाँ रविको बयान हुन्छ त्यहाँ उनका कार्यकताहरुले प्रदर्शन गर्दै आएका छन् । त्यति मात्र होइन रविको विभिन्न प्रहरी कार्यालयमा बयान दिनुपरेको तीतो यथार्थतालाई बङ्ग्याएर आफ्नो अनुकूल हुने गरी केही राजनीतिक दलका शिर्षा नेताहरु नै लागेका देखिन्छन् । अदालतमा अनुसन्धानकै क्रममा रहेको विषयमाथि जिम्मेवार राजनीतिक दलहरुले अभिव्यक्तिहरु दिनु राम्रो होइन ।

पछिल्लो समय नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड)ले लामिछानेमाथि सरकारले प्रतिशोधपूर्ण व्यवहार गरेको र उनी निर्दोष रहेको अभिव्यक्ति दिनुले उनको नैतिकतामाथि प्रश्न उठेको छ । सत्ता बहिर्गमनको पीडामा रहेका प्रचण्डको अभिव्यक्तिले लाखौं सहकारीपीडितको आत्मामा ठेस लागेको छ । यदि प्रचण्ड जनताका असली नेता हुन्थे भने सहकारी ठगीमा संलग्न रहेका आफ्नै नेता तथा कार्यकर्तालाई कारबाहीको दायरामा ल्याएर सहकारीपीडितलाई न्याय दिलाउन पहल गर्नुपर्ने थियो तर उनमा त्यो नैतिकता देखिएन । अर्कोतर्फ रवि लामिछाने समर्थकहरु सरकारले ज्यादती गरेको भन्दै विरोध प्रदर्शनको अडानलाई कायमै राखेका छन् । ठाउँ–ठाउँमा प्रदर्शनलाई सशक्त बनाएका उनीहरु अहिले फेरी रवि माथि मानवअधिकार हनन् भएको भन्दै आएका छन् । रविलाई प्रहरीले रातरात पोखरा लएको विषयलाई मानवअधिकार हनन भएको उनीहरुको दावी छ । यसले उनीहरु सहकारी प्रकरणलाई नै मोडेर अन्यत्र लैजाने दाउमा लागेका प्रष्ट हुन्छ । यदी प्रहरीले लामिछानेमाथि ज्यादती गरेको भए ती प्रहरीलाई कारबाहीको दायरामा ल्याइनुपर्दछ । कोही पनि व्यक्तिले आफूमाथि लागेको अभियोगलाई अर्कोतर्फ लैजाने गरी कुनै हर्कत गर्दछ भने त्यस्ता व्यक्तिलाई पनि राज्यले कानुनी दायरामा ल्याउनुपर्छ ।

लामिछाने दोषी हुन् वा निर्दोष अहिले नै भन्न सक्ने अवस्था छैन् । त्यो अनुसन्धानको विषय हो । लामिछानेमाथि विभिन्न ठाउँका सहकारी ठगीको आरोप छ । उनलाई संसदीय छानबिन विशेष समितिले समेत सहकारी बचत अपचलन गरेको निष्कर्ष निकाल्दै अनुसन्धान गर्न सिफारिस गरेको थियो । लामिछानेले गोर्खा मिडिया नेटवर्कको तत्कालीन प्रबन्ध निर्देशक हुँदा सहकारीको बचत उक्त मिडियामा लगेर अपचलन गरेको आरोप छ । यो आरोप सत्य हो वा होइन थप अनुसन्धानले बताउने छ । रवि दोषी हुन वा निर्दोष सत्य तथ्य बाहिर आउनै पर्छ । दोषीलाई उम्काउने र निर्दोषलाई फसाउने गरी न्यायलाई प्रभावित पार्नु हुँदैन ।

## Opinion @ Social Network

ताला फुटाएपछि भेटिएको साँचो र
चित्त दुखाई सकेपछि मागेको माफीको के अर्थ ।

*(सरीता रेग्मीको फेसबुक स्टाटस https://www.facebook.com/Sarita.Regmi )*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# कोही किन विदेश नजाओस् ?



सञ्जय शर्मा

२०८० मंसिरको कुरा हो । स्कुटर बिग्रिएर इनरुड्राइभ चढ्दा बिदेसिन तयार रहेका तीन जना राइडरसँग भलाकुसारी भएको थियो। त्यसपछि यो लेख सुरू गरेको हुँ । त्यो बेला उनीहरूसँग भएका संवादलाई नेपाली समाजसँग जोड्ने जमर्को गर्दै एक वर्षपछि यो लेख टुंग्याएको छु । त्यस दिन बिग्रिएको स्कुटर काठमाडौंको विशालनगरमा बनाउन दिएर म महाराजगञ्जस्थित अफिस जान इनड्राइभ चढें । समाजशास्त्रीलाई सामान्यतया कुतूहलता हुन्छ, स्कुटर चालकसँग बात मारिहालें । गफ सुरू भयो । चालक रहेछन् तनहुँका केशव । २०५८ सालमा, मैले दिएकै वर्ष एसएलसी दिएका । कतारमा ८ वर्ष काम गरेर कमाएको पैसाले तनहुँमा बाख्रापालन गर्दै रहेछन् । चार सयमध्येका २५० बाख्रा रोग लागेर मरेछन् । आफैले पैसा खर्च गरेर डोजर लगाएर ती बाख्रा पुरेछन् । बीमा कम्पनीले क्षतिपूर्ति दिन आनाकानी गऱ्यो अर ! अनि म्यानपावरमा दस लाख खर्च (लगानी ?) गरेर, पासपोर्ट बुझाएर युरोपेली देश क्रोएसिया जान पालो कुरेर बसेका रहेछन् । म्यानपावर धाइरहन सजिलो हुने र यात्रू ओसार्दा दिनकै दुई–तीन हजार रूपैयाँ कमाइ पनि हुने भएकाले इनड्राइभ र पठाओ चलाउने रहेछन् । स्कुटर नराम्ररी बिग्रिएको र अझै बन्न दुई दिन लाग्ने मेकानिकले बताए । भोलिपल्ट फेरि गैरीधाराबाट महाराजगञ्ज जाँदा अर्का स्नातक पास गरेका स्कुटर चालक क्यानडा जान तयार भेटिए, नाम कुशल। कन्सलटेन्सी मार्फत् सिधै पिआर (स्थायी बसोबास पत्र) का लागि आवेदन दिएर बसेका रहेछन् । इनड्राइभ चलाएर दिनको तीन हजार रूपैयाँ कमाइ हुने र आफ्नो मर्जी काम गर्न पाइने भएर चलाउन थालेका रेङ्क क्यानडाको पिआर हात नपरून्जेल चलाउने सोचेका रहेछन् । सोही साँझ महाराजगञ्जबाट डिल्लीबजार आउँदा अर्का बाइकवाला भेटिए । विश्व नामका । घर बनाउने ठेकेदारले आफूले काम लिएर उनको तीन जनाको टिमलाई दोहोरो ठेक्कामा दिने रहेछ । कोरोनादेखि मुख्य ठेकेदार नै काम नपाएर बसेको रहेछ । उनको टिमका दुई जना काम नपाएपछि कतार पुगेछन् । उनी अहिले इनड्राभ चलाउँदै रहेछन् । तर अवस्था हेरेर विदेश जान पर्ने बाध्यता भएको उनले बताए । यी त मेरा दुई दिने यात्राका तीन सारथि मात्र भए । नेपालमा मानिसहरू रहर, बाध्यता, वा दुवै कारणले बिदेसिइरहेका छन् । हजारौं यसरी नै दिनहुँ काठमाडौंको अन्तर्राष्ट्रिय विमानस्थल र भारततिर कामका लागि उडिरहेका, गुडिरहेका, हिँडिरहेका भेटिन्छन् । सबै जना बाहिरिँदैछन् सन् २०१३ मा अध्येता जगन्नाथ अधिकारी र मेरी हल्लीको एउटा अध्ययन रिपोर्ट छापियो । शीर्षक थियो – एभ्रिवान इज लिभिङ, हु विल सोअ आवर फिल्ड्स अर्थात् सबैजना बाहिरिँदैछन्, हाम्रोमा रोपाइँ कसले गरिदेलाङ्क केही समय पहिले व्यापक संख्या नेपालीहरू गाउँबाट सहर र विदेशतिर दौडिँदै थिए । सहर, त्यसमा पनि मुख्यत: काठमाडौंले केही मानिसहरूलाई तानेको/धानेको थियो । तर अब सहरले पनि मानिस थेग्न छोडेको छ । नेपालबाट बिदेसिने मानिस ह्वात्तै बढेका छन्– एभ्रिवान इज लिभिङ, इन्डिडङ्क मैले २०६७ सालमा एउटा आप्रवासन अध्ययन संस्थामा काम सुरू गर्दा वैदेशिक रोजगार विभागको तथ्यांक अनुसार दिनमा औसतमा हजार-बाह्र सय मानिस बिदेसिन्थे । पछिल्लो (आर्थिक वर्ष २०८०/८१) मा यो औसत दिनको दुई हजारभन्दा माथि थियो । यो श्रम स्वीकृति लिएर जानेको मात्र तथ्यांक हो । पढ्न जाने, भारत जाने, र श्रम स्वीकृति नलिई (अनियमित) जाने, र पिआर ( स्थायी बसोबास पत्र) वा अन्य आप्रवासन स्वीकृति लिएर बिदेसिने मानिस जोड्दा यो संख्या अझै बढ्छ । यसरी विदेश जाने मानिसहरूले पठाएको रेमिटेन्सले नेपालको अर्थतन्त्रमा ठूलो टेवा पुऱ्याएको छ । नेपालीहरूको औसत आम्दानी बढेको छ । गरिबीको रेखाबाट थुप्रै मानिस माथि उठेका छन् । दैनिक उपभोग सजिलोसँग गर्न सकेका छन् । कसैले लगानी गर्न पनि थालेका छन् । तर रेमिटेन्सले जीविका धान्ने बाहेक संरचनागत, सामाजिक र आर्थिक हिसाबमा दिगो परिवर्तन आउन सकेको छैन । हुन त नेपालले अपनाएको गरिबी नाप्ने नयाँ मापदण्ड अनुसार सन् २०२२-२३ मा गरिएको नेपाली जीवनस्तर सर्वेक्षणले प्रत्येक पाँचमा एक परिवार अझै गरिबीको रेखामुनि देखाएको छ । विकसित भनिने राष्ट्रहरूको मापदण्ड अनुसार त झनै प्रत्येक पाँचमध्ये दुई नेपाली परिवार गरिब छन् । सरकारको मुख ताक्नुभन्दा, कुनै हिसाबमा विदेश जाँदा नै परिवारलाई आर्थिक रूपमा सबल बनाउन सकिने सोचेर उनीहरू साहुबाट ऋण र एजेन्ट मार्फत् म्यानपावरको ढोकासम्म पुगेका छन् । मिटरब्याजमा ६० प्रतिशतसम्म ब्याज तिरेर भए पनि मानिस विदेश दौडिएका छन् । यति धेरै ब्याजको ऋण मानिसले किन लिन्छन् भन्ने गणितीय र अर्थशास्त्रीय हिसाब त एकातिर होला, तर मानिसले त्यत्रो पैसा तिरेर विदेश जाने आँट गर्नु चाखलाग्दो विषय हो । केही नेपालीको जोखिम उठाउन सक्ने क्षमता बढेको त होला, तर आम नेपालीले जत्रोसुकै जोखिम लिएर पनि बिदेसिने बाहेक अरू उपाय नदेखेको पनि हाम्रो यथार्थ हो । साहुको ऋणमा डुबेर गरिबीको चक्रमा फस्ने र विदेशमा चरण श्रम शोषण, मानव अधिकार हनन र यातना भोग्ने नेपालीहरू थुप्रै छन् । मानव अधि कारवादी संस्था एमनेस्टी इन्टरनेसनलले सन् २०११ मा आफ्नो रिपोर्ट 'फल्स प्रमिसेस' मा नेपालीहरूको आप्रवासनमा देखिएको श्रम र यौन शोषणका कारण यसलाई दासप्रथासँग तुलना गरेको थियो । हालका दिनहरूमा यो अवस्थामा केही सुधार आएको मान्न सकिन्छ । तर बिदेसिने कुरालाई नेपाली वृत्तमा नकारात्मक रूपमै हेर्ने गरिएको छ । यसबारे तलको खण्डमा चर्चा गर्नेछु । वैदेशिक रोजगारमा जाने थुप्रै मानिसहरू अस्थायी रूपमा बिदेसिन्छन् । सुरूमा दुई वा तीन वर्षको करार लिएर जान्छन् । त्यसपछि उनीहरू फेरि करार र श्रम स्वीकृति नवीकरण गर्छन् । मुख्यतया मलेसिया र खाडीमा जाने कामदारहरू आठ-दस वर्षपछि नेपाल फर्किन्छन् । किनभने, ती देशमा आप्रवासी कामदारलाई युरोप, क्यानडा र अस्ट्रेलिया जस्तो पिआर दिने चलन छैन । उनीहरू विदेशमा १८ देखि ४० वर्षको उमेरसम्म काम गरेर नेपाल फर्किएर केही व्यवसाय गरेर बस्ने गर्छन् । '४० कटेसी रमाउँला' गीत यिनै दु:खको मापन हो । हाल यो अवस्थामा परिवर्तन आउन थालेको छ । केही वर्ष खाडीमा बसेर आएका मानिसहरू, माथि उल्लिखित केशवजस्तै क्रोएसिया, रोमानिया, पोर्चुगल, साइप्रस, लगायत देशहरूमा श्रम स्वीकृति लिएर जान थालेका छन् । एक त त्यस्ता युरोपेली देशमा दक्ष वा अदक्ष कामदारको आवश्यकता छ । तर युरोप छिरेपछि कुनै न कुनै रूपमा पिआर लिएर उतै बसोबास गर्ने आश पनि नेपालीहरूको छ । झन् युक्रेनसँग युद्ध गर्ने रूसी सेनाका विदेशी लडाकुलाई रूसी नागरिकता र पासपोर्ट दिने रूसले बताएपछि नेपालबाट मात्र होइन, थुप्रै विकासोन्मुख देशबाट रूसी सेनामा आबद्ध हुने क्रम बढेको छ । यस अर्थमा, आम नेपालीहरूको वैदेशिक रोजगारबाट आय मात्र बढेको छैन, उनीहरूको रोजगारका गन्तव्यहरू पनि परिवर्तन भएका छन् । उनीहरूको केही वर्ष काम गरेर कमाएर नेपाल मै केही व्यवसाय सुरू गरौं भन्ने कथन हाल परिवर्तन भएर अझ सामाजिक-आर्थिक-राजनीतिक रूपमा खुला युरोप, उत्तर अमेरिका र अस्ट्रेलियातिर बसोबास गर्न जाने सपनामा परिणत हुँदैछ । यसरी हेर्दा नेपालीहरूको अझै ठूला सपना देख्न थालेका छन् । उनीहरूको गन्तव्य फराकिला भएका छन् । नेपालीहरू नेपालमै सीमित रहेर बस्नुपरेको छैन । आजको युगमा कोही कुनै ठाउँमा अड्केर बस्नु नपरेकै ठीक हो । बसाइँसराइको स्वतन्त्रता आधारभूत मानव अधिकार हो । तर नेपाली आप्रवासन सजिलो छैन । यो रहर र बाध्यताको दोसाँधमा अल्झेको छ । आकांक्षा भएका, क्षमता नभएका । यी धेरैजस्तो सीप, ज्ञान र आर्थिक दृष्टिकोणले असक्षम मानिस हुन् जसलाई बसाइँरुसराइ गर्नुपर्ने आकांक्षा र बाध्यता दुवै छ तर उनीहरू बाहिरिन असक्षम छन्। उनीहरूलाई यथास्थानमै बस्नुपर्ने बाध्यता छ । अंग्रेजीमा उनीहरूलाई 'ट्र्याप्ड पपुलेसन' (अर्थ: अड्किएको, अल्झिएको, फसेको जनसंख्या) भनिन्छ । आकांक्षा नभएका, क्षमता भएका । यी मुख्यतया आर्थिक सामाजिक रूपले सम्पन्न मानिस हुन जसलाई बाहिरिने आकांक्षा हुँदैन तर चाहेमा उनीहरू बाहिरिन सक्छन् । उनीहरूले पैतृक सम्पति वा आफ्नै बलबुतामा यथास्थानमै केही गरेर बसेका हुन्छन् । उनीहरूलाई बिदेसिनुभन्दा यथास्थानमै बस्दा फाइदा हुन पनि सक्छ । रहरले विदेश जाने (मुख्यतया पढ्न वा बसोबास गर्न) र बाध्यताले विदेश जाने मानिसबीच ठूलो खाडल छ । जस्तै, माथि उल्लिखित केशव (बाख्रा मरेपछि क्रोएसिया जान लागेका) लाई कुशल ( क्यानडा जान थालेका) को भन्दा बढी बाध्यता होला । कुशललाई भने क्यानडा जाने, पढाइ अगाडि बढाउने, पिआर लिने र उतै घरजम गर्ने रहर बढी र बाध्यता कम होला । त्यस्तै, विश्व (सह-ठेकेदार) लाई ठेक्काको काम पाउँदा विदेश जाने न रहर थियो न बाध्यता । काम नपाउन थालेपछि विदेश मात्रै यस्तो उपाय हुनेछ जहाँबाट उनले खोजेजति कमाउन सक्नेछन् । दिनको तीन हजार रूपैयाँ त पठाओ र इनड्राइभबाटै कमाउँदै थिए । तेल कटाएर दिनको २ हजार रूपैयाँ त बचिहाल्थ्यो । तर केशव र कुशलले खोजेको दिनको दुई हजारभन्दा बढी आर्थिक आम्दानी मात्र थिएन । उनीहरूले विदेशमा गएर उतै घरजम गरेर आफू र आफ्नो परिवारलाई पनि सुखी जीवन दिन खोजेका थिए । उनीहरूले विदेशी नागरिकता र सोसँगै आउने स्वतन्त्रता खोजेका थिए । आफूले दु:ख गरेर भए पनि आफ्नो सन्तानका सुनौला सपना पूरा गर्ने अठोट बोकेका थिए । यो मानेमा बिदेसिनु आर्थिक उन्नतिका लागि मात्र होइन । नेपालको सूचना-प्रविधि (आइटी) क्षेत्रले अर्बौं देशमा भित्र्याउँदै महिनामै लाखभन्दा धेरै कमाउने मानिस पनि बिदेसिन खोजिरहेकै छन् । थुप्रै पश्चिमा देशहरूले राम्रो पारिश्रमिक मात्र नदिएर थुप्रै सामाजिक कल्याणका कार्यक्रम, जस्तै नि:शुल्क स्वास्थ्य सेवा र शिक्षाका साथै नागरिकता समेत दिएर क्षमतावान मानिसहरूलाई आफ्नो देशमा टिकाउने प्रयास गरिरहेका छन् । अब सोचौं नेपालले के गरिरहेको छ ? नेपालले के गरिरहेको छ ? यो प्रश्नको सजिलो उत्तर, नेपालले केही पनि गरिरहेको छैन नै हो । अझ रिस उठ्दो उत्तर हो, नेपालले बिदेसिएका नेपालीहरूलाई 'भिलेन' बनाइरहेको छ । देशप्रेमले ओतप्रोत गीत सुनेर रौं ठाडो बनाउनेबाहेक एउटा आम नेपालीले देशमै बसेर थोरै मात्र गर्न सक्छ। नेपालमै बसेर राम्रै गर्न कि त त्यो मानिस असामान्य हुनुपऱ्यो, कि अति धनी हुनुपऱ्यो, कि विदेश बसेर वाक्क भएर फर्केको हुनुपऱ्यो । नेपाललाई, अझ विशेषगरी नेताहरूलाईरु, नेपालीहरूले पठाएको रेमिटेन्स पनि चाहिएको छ, तर बिदेसिएका नेपालीहरूलाई झुर फिल्मको खलनायकजस्तो पनि बनाउनै परेको छङ्क बिदेसिनुलाई दानवीकरण गर्नुको साटो यसबाट सम्भावना खोज्न र विदेश गएकाहरूले कमाएको पैसा, आर्जन गरेको ज्ञान र सिकेको सीपको कदर गर्न ढिलो भइसकेको छ । विश्वका थुप्रै देशहरू तीव्र आर्थिक विकास गरिरहेका बेला नेपालको आर्थिक उन्नति अझै कछुवा गतिमै छ । आफू कछुवा गतिमा विकास गर्ने अनि आफ्ना नागरिकलाई विदेश नजाऊ वा विदेश जानु ठीक होइन भन्ने कुरा त मिलेन नि !

*-सेतोपाटी डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
- बुटवल ०७१-५४०२२२
- स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
- बुटवल रामनगर ०७१-५४१२३३
- भैरहवा ०७१-५२०१९९
- अर्घाखाँची ०७७-५२११९९
- गुल्मी ०७९-५२०१९९
- परासी ०७८-५२०१९९
- तौलिहवा ०७६-५६००९९
- पाल्पा ०७५-५२०५३६, ५२०१९९
- इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
- लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
- लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
- भिमअस्पताल भैरहवा ०७१-५२०१९३
- मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
- परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
- पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
- लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
- पिचन्द्र परासी ०७८-५२०१८८
- भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
- अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
- तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
- तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
- सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
- बुटवल हस्पितल ०७१-५४६४३२
- लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
- रेडक्रस बुटवल ५४१००४
- लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
- मेडिटेक अस्पताल ५४९०७२
- कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
- आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
- रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
- रोटरी क्लब बुटवल ०७१-५४४६००
- लियो क्लब अफ बुटवल ०७१-५४५८९३
- रेडक्रस भैरहवा०७१-५२०२६३
- रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
- परासी ०७८-५२०१२५
- रेडक्रस पाल्पा ०७५-५२०६००
- रेडक्रस तौलिहवा ०७६-५६००१५
- रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
- रेडक्रस गुल्मी ०७९-५२०१६३
- नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
- लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
- नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
- जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
- लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
- बनगाई क्लब बनगाई ०७६-६९०१०२
- रेडक्रस देवदह ०७१-५७७०९९
- लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
- बुटवल जेसिस ९८४७१२९९६४
- न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
- परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
- रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४


## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : शुभकार्यको चर्चा चल्नेछ । बित्तिय संस्थाबाट सहयोग पाईनेछ । | **तुला** :आफन्तको सहयोग प्राप्त हुनेछ । आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । |
| **वृष** :आफूलाई कमजोर भएको अनुभूति हुनेछ, महत्वपूर्ण अवसर गुम्न सक्नसक्छ। | **बृश्चिक** :आज पढाइमा बाधा आउनेछ, यात्रामा सावधानी अपनाउनु पर्नेछ । |
| **मिथुन** :आज सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । बैदेशिक कार्य अघि बढ्नेछ । | **धनु** : साहित्यिक क्षेत्रमा रुची बढ्ने र धार्मिक यात्राको योग पनि छ । |
| **कर्कट** :सुन्दर पहिरनले ब्यक्तित्वमा निखारता ल्याउनेछ, नयाँ कार्य बन्नेछ । | **मकर**: कार्य सम्पादनमा सहजता मिल्नेछ, सफल यात्रा पनि हुनेछ । |
| **सिंह**: जग्गाजमीनको कारोबार र शेयर बजारबाट राम्रो प्रतिफल मिल्नेछ । | **कुम्भ** : कष्टकर यात्रा गर्नुपर्ला वैदेशिक क्षेत्रको कार्य सहजै अघि बढ्नेछ । |
| **कन्या** : अचल सम्पत्ती हात पर्ने योग छ । शुभ समाचार पनि सुन्न पाइएला । | **मिन** : आँटेको र ताकेको कार्य पुरा होला, राज्यबाट मान सम्मान पाइनेछ । |




प्रेरक प्रसङ्ग

# सच्चा त्याग



त्याग दुई किसिमका हुन्छन् । नभएर गर्ने वा गरिएको त्याग र भएर गर्ने वा गरिने त्याग । नभएर गरिने वा हुने त्याग ठुलो होइन । यस्ता त्यागबाट आत्मसन्तुष्टि पनि मिल्दैन र त्यसको खासै महत्त्व पनि हुँदैन । जसले भएर पनि त्याग गर्छ वा गर्न सकेको हुन्छ त्यसैको महत्त्व हुन्छ तर यो पनि दुई किसिमका हुन्छन् । मनदेखि भएको त्याग र देखाउनका लागि गरिएको त्याग । देखाउनका लागि गरिएको त्याग पनि त्यस्तै त्यागमा पर्छ, जसले सुखी र आनन्दित गराउन सक्दैन । सच्चा त्याग त त्यही हुन्छ, जसलाई मनैदेखि गरिएको छ वा भएको हुन्छ ।

प्रसङ्ग त्यतिबेलाको हो, जतिबेला भगवान् बुद्ध ज्ञान प्रचारका लागि विभिन्न स्थानमा भ्रमण गर्ने गर्थे । यत्तिकैमा एकपटक उनी वर्तमान भारतको विहार प्रान्तमा पुगेका थिए । उनलाई भेट्न विभिन्न मानिस आउँथे । यस्तैमा एक जना त्यहींका सम्राट श्रेणिक पनि थिए । कुराकानी चल्दै जाँदा उनले त्यस्तै प्रसङ्ग निस्केकाले बुद्धसँग सोधे- 'महात्मन् ' राज्यका राजकुमारहरू महलमा बस्छन् । मीठामीठा भोजन गर्छन् । दर्जनौं सेवकहरू अघिपछि घुमेका हुन्छन् । उनीहरूका जीवनमा न कुनै चीजको अभाव हुन्छ न सुखसुविधाकै कमी । तैपनि उनीहरू खुसी र प्रसन्न देखिन्नन् तर तपाईंका शिष्यहरू सदैव सन्तुष्ट र खुसी देखिने गर्छन् । जबकि उनीहरूका साथमा न भनेजस्तो भोजन छ न बस्ने स्थान नै । रुखासुखा खस्रो मसिलो जे मिल्छ त्यही खान्छन् । जहाँ पुगिन्छ त्यहीँ बस्छन् । न बस्नको ठेगान न खानको ठेगान । तैपनि त्यति बढी सन्तुष्ट र प्रसन्न रहन सक्नुको कारण के होला ?! सम्राट्को कुरा सुनेर बुद्धले मुस्कुराउँदै भने- 'सम्राट् ' प्रशन्नता भौतिक साधनहरूका प्राप्तिबाट मिल्ने कुरा होइन । यो भौतिक सुखसम्पत्तिबाट साटिने चीज हुँदैहोइन । यो त यस्तो चीज हो, जसले जे मिलेको छ त्यसैलाई पर्याप्त मान्ने र ठान्ने गरेका हुन्छन् उसैलाई प्राप्त हुने गर्छ । यसको अर्थ पौरख गर्नुपर्दैन भन्ने होइन । पौरख भनेको जीवनकै पर्याय हो, गर्नैपर्छ । नगरी त केही पनि प्राप्त हुँदैन तर जे मिलेको छ त्यसको सम्मान पनि गर्नुपर्छ । सँधैभरि भएन र पुगेन भनेर खुइखुइ गर्नुहुँदैन । लागिरहे एक दिन अवश्य मिल्छ भन्ने ठानेर काममा लागिरहनुपर्छ फल प्राप्त पनि हुन्छ र त्यसबाट सदा प्रसन्न रहन पनि सकिन्छ । अर्को कुरा यी भिक्षुहरूले मनदेखि नै सङ्कल्प गरेर साधनहरूको त्याग गरेका छन् । त्यसैले सन्तुष्ट देखिन्छन् । यसो त भिखारीहरूको अवस्था पनि करिब यस्तै हुन्छ तर उनीहरू यी भिक्षुहरूजस्ता प्रसन्न रहन सक्दैनन् । किनकि उनीहरू आफ्ना साथमा भएका कमीलाई अभिशाप मान्ने गर्छन् । उनीहरूले साधन छाडेका हुँदैनन् । अपितु नमिलेर त्याग गरेको जस्तो देखिएको हो तर भिक्षुहरू त्यस्ता हुँदैनन् । उनीहरूले मनदेखि छाडेकाले तिनलाई वरदान रूपमा मानेका हुन्छन् । छोड्नु एउटा कुरा हो छोडाउनु दोस्रो कुरा । यी दुईबीच दिन र रात जत्तिकै फरक हुन्छ । जसलाई प्राप्त भएको छैन ऊ त्यागी होइन । उनीहरूले नपाएर मात्र त्याग गरेका हुन् । त्याग त त्यो हो जसले मनैदेखि गरेका छन् । भिक्षुहरूले यस्तै गरेका हुन्छन् । यस्ता त्यागले मनमा शान्ति र शरीरमा कान्ति मिल्छ । अन्तत: यही नै दीर्घजीवनको कारण बन्न पुगिरहेको हुन्छ ।! बुद्धको यस्तो कुरा सुनेपछि सम्राट निकै खुसी भए । उनी बुद्धलाई प्रणाम गरी आफ्नो महलतर्फ प्रस्थान गरे । यो एउटा दृष्टान्त हो । जहाँ पनि प्रशन्नताका लागि यही नियमले काम गरेको हुन्छ । त्यागको महत्त्व छ तर त्यस्तो त्याग पनि मनदेखि नै गरिएको हुनुपर्छ । अन्यथा त्यस्ता त्याग फोस्रो आडम्बरबाहेक केही हुँदैन, जसले न सुख दिन्छ न प्रशन्नता नै ।

*-रातोपाटी डटकम*

*रुखासुखा खस्रो मसिलो जे मिल्छ त्यही खान्छन् । जहाँ पुगिन्छ त्यहीँ बस्छन् । न बस्नको ठेगान न खानको ठेगान । तैपनि त्यति बढी सन्तुष्ट र प्रसन्न रहन सक्नुको कारण के होला ?! सम्राट्को कुरा सुनेर बुद्धले मुस्कुराउँदै भने- 'सम्राट् ' प्रशन्नता भौतिक साधनहरूका प्राप्तिबाट मिल्ने कुरा होइन । यो भौतिक सुखसम्पत्तिबाट साटिने चीज हुँदैहोइन । यो त यस्तो चीज हो, जसले जे मिलेको छ त्यसैलाई पर्याप्त मान्ने र ठान्ने गरेका हुन्छन् उसैलाई प्राप्त हुने गर्छ । यसको अर्थ पौरख गर्नुपर्दैन भन्ने होइन । पौरख भनेको जीवनकै पर्याय हो, गर्नैपर्छ । नगरी त केही पनि प्राप्त हुँदैन तर जे मिलेको छ त्यसको सम्मान पनि गर्नुपर्छ । सँधैभरि भएन र पुगेन भनेर खुइखुइ गर्नुहुँदैन । लागिरहे एक दिन अवश्य मिल्छ भन्ने ठानेर काममा लागिरहनुपर्छ फल प्राप्त पनि हुन्छ र त्यसबाट सदा प्रसन्न रहन पनि सकिन्छ । अर्को कुरा यी भिक्षुहरूले मनदेखि नै सङ्कल्प गरेर साधनहरूको त्याग गरेका छन् । त्यसैले सन्तुष्ट देखिन्छन् । यसो त भिखारीहरूको अवस्था पनि करिब यस्तै हुन्छ तर उनीहरू यी भिक्षुहरूजस्ता प्रसन्न रहन सक्दैनन् ।*

छोटोकथा

अर्जुन धमला

# बरबराएको मान्छे

..उसलाई मैले खासै चिनेको पनि थिएन । चिनेकै भए पनि अर्काले जेसुकै गरोस् के चासो गर्नु भन्ने सोचेर म मेरै धुनमा फेसबूक चलाउँदै थिएँ । वास्ता नगरूँ भन्दाभन्दा पनि एउटै कोठामा भएकाले उसले बोलेको सबै कुरा सुनिन्थ्यो । म ढोका नजीकैको हरियो प्लास्टिकको कुर्सीमा बसेर बाहिरको दृश्यमा मोहित हुँदै मोबाइल स्क्रीनमा नै अझै केन्द्रित हुँदै गएँ । फेरि पनि उता पश्चिमपट्टिको कुनामा गलैंचामा बसेको भाइले "पख् पख्, हान्छु हान्छु, भेटें भने बाँच्दैनस्, अरू कहाँ छन् ?" यस्तै यस्तै बोलेको आवाजले मेरो कानमा एक थप्पड लगायो । वास्ता नगरूँ भन्ने मानसिकता बनाए ता पनि अब भने मलाई त्यो भाइको व्यवहारप्रति शंका लाग्यो । यहाँ ठूलै गडबडी हुँदैछ भन्ने कुरामा मेरो मानसिकता पुगिहाल्यो ।

कहिलेकाहीं बाटोमा भेटिने एक्लै बरबराउँदै हिंड्ने मानसिक बिमारीहरूको दृश्य मेरो आँखामा एक पछि अर्को गर्दै तँछाडमछाड गर्न थाले । अझै उनीहरूको रूप र यो भाइको रूपको तुलना गरेर यो यसै हो भन्ने कुराको फैसला गर्न तुरुन्तै मेरो दिमागले दुई ओटा वकिल हायर गर्ने निर्णय गऱ्यो । आँखा र कानले सम्पूर्ण सबुत एकठ्ठा गरेर दिमाग समक्ष पेश गरे । कानले पेश गरेका सम्पूर्ण सबुतहरूले उक्त भाइलाई अर्ध पागल, मानसिक सन्तुलन गुमाएको कुरामा जिकिर गऱ्यो । आँखाको सबुतहरूको सुनुवाइ हुने बखत उक्त केटो एक्लै बरबराएको नभएर इयरफोन कानमा लगाएको र मोबाइल स्क्रीनमा हेरेर अन्य साथीहरूसँग फ्री फायर खेलेको प्रमाण भेटिन पुग्यो । यही सबुतलाई आधार मान्दै उक्त केटाको मानसिक अवस्था ठीक भएको कुरा दिमागले फैसला सुनाएपछि म आश्चर्यचकित भएँ । भर्चुअल दुनियाँको असर बारे थाहा पाएँ । सिटिङ रूममा बाबा, ममी र दिदीहरूसँग रमाउँदै लुँडो खेलेको याद आयो । स्कूल पढ्दा एक बजेको टिफिन टाइममा साथीहरूसँग क्यारेम बोर्ड खेलेको याद आयो । 'यस्तै यस्तै धेरै कुरा दिमागमा एक पछि अर्को गर्दै कुस्ती गर्न थाले । आउने पुस्ताको भविष्य के होला भन्ने चिन्ताले मेरो मानसिकतामा जोड तोडले हिर्काउँदै गयो । पछि मेरा छोराछोरीहरू पनि कोठाको एउटा कुनामा बसेर मार्छु, हान्छु भन्दै बरबराउन थाले भने ? परिवारका सदस्यसँग कुनै वेला पनि इन्टर्याक्सन गरेनन् भने ? यसरी भर्चुअल तरीकाबाट एक्लै एक्लै बरबराउँदा गेम हारेर अपोनेन्टलाई साँच्चिकै काटे, मारे भने ? यस्तै यस्तै कुराहरूले मेरो दिमाग भरिएर आयो । नशाहरूमा रगतको मात्रा वर्षा याममा खहरे उर्ले झैँ एकाएक बढ्दै आयो । हात-गोडा सल्याकसुलुक भएँ । मेरो शरीर कोभिड लागेको बिमारीको भन्दा भयानक विक्षिप्त बिमारी भयो । म बिरामी भएको कुरा उता पल्लो कोठाको काकाले थाहा पाउनुभएछ । त्यसपछि मेरो घरमा खबर गरिदिनु भयो । त्यो वेला सम्म म पूर्ण होश मै थिएँ । मैले सबैको कुरा सुनिरहेको थिएँ । एकाएक धेरै जना जम्मा हुँदै गए तर मेरो वरिपरि कोही आएन । सबै जनाले म माथि शंकाको तीखो भाला गाडे । मैले म ठीक छु भन्दाभन्दै पनि खै कसले एम्बुलेन्स बोलाइदिएछ । एकैछिनमा एम्बुलेन्स आइपुग्यो । मैले म अस्पताल जान्न भन्दा पनि मलाई जान बाध्य बनाइयो । स्पष्टै भन्नुपर्दा मलाई जबर्जस्ती एम्बुलेन्समा कोचियो । अब मेरो मानसिकता झन विक्षिप्त हुँदै गयो । म धेरै सोच्दा सोच्दै बेहोस भएछु । मलाई अस्पताल पुऱ्याएर भ्यान्टिलेटरमा राखिएछ । अब मलाई के हुन्छ मलाई कसरी थाहा होस् ? पछि होश खुलेपछि मलाई सघन उपचार कक्षमा सारेर डाक्टरहरूले मेरो बुबालाई बोलाउन एकजना नर्सलाई पठाउनुभयो । बुबालाई बधाई दिंदै डाक्टरले भन्नुभयो । "भगवानलाई धन्यवाद दिनुस् तपाईंको छोरालाई कोभिड भएकै रहेनछ । अब एक चोटि साईक्याट्रिक डाक्टरको सल्लाह लिएर घर लैजान सक्नुहुन्छ ।" यो कुरा मैले पनि धमिलो धमिलो सुने पनि बुझिहालें । अब मलाई फेरि अर्को नर्कमा फसाइँदै छ भन्ने बुझेपछि मैले असाध्यै जिकिर गरेर घर जाने निर्णय गरें । अस्पतालका प्रत्येक शैय्या मलाई नर्क नै लाग्छ । जिन्दगीको कुनै घडीमा अस्पताल जान नपरोस् भन्ने चाहन्छु म । म मानसिक रूपमा ठीक छु भन्ने कुरा सबैलाई बताएपछि घर लगे । घर पुगेपछि आमालाई देखिनँ । सबैसँग सोधें । कसैले पनि केही भन्न खोजेनन् । सबै जना मुखामुख गरिरहेका थिए । सबैका अनुहारहरूले केही कुरा भनिरहेका थिए तर अस्पष्ट, छानामा एन्टिना नमिलेर झ्यारझ्यार आएको टिभी च्यानल जस्तो । घरीघरी फुत्त केही कुरा बुझिएला जस्तो अनि फेरि उही कालो मिर्मिरे पर्दा । धेरै जिद्दी गरेपछि भावुक हुँदै त्यही अर्ध परिचित भाइले मुख खोल्यो, "दाइ ! तपाईंलाई एम्बुलेन्समा हालेर अत्यन्तै पिडादायक अवस्थामा अस्पताल लगेदेखि नै आमा बेहोश हुनुभएको थियो । तपाईंले भ्यान्टिलेटरमा आफ्ना अन्तिम सास लिंदै हुनुहुन्छ भन्ने खबर पाएपछि आमाले पीडा सहन सक्नु भएन ।" यत्ति सुनेपछि मेरा खुट्टाहरू थर्थर कामे । म अझ विक्षिप्त बन्दै गएँ । मैले त्यो वेलासम्म मानसिक सन्तुलन गुमाएको थिइनँ । यसअघि मलाई सानोसानो कुराहरूले खासै प्रभाव पार्दैनथ्यो तर यो घटनाले मलाई क्षतविक्षत तुल्यायो । मैले केही सोच्न सकिनँ । म जमीनमा ढलेर केके बरबराउन थालेछु । कसैले सम्झाउन लागेछन्, कसैले फुक्न, कोही पैंताला मालिस गर्न, कोही हत्केला । कसैको केही नचलेपछि फेरि त्यही अस्पतालको साईकियाट्रिक विभागमा लगेर मलाई भर्ना गरिएछ । डाक्टरहरूले अस्पतालसम्म मलाई पुऱ्याउने दाजुहरूलाई अगाडि नै भर्ना गर्नुपर्ने सल्लाह दिएको तर बिमारीलाई जबर्जस्ती घर लगेको कुरालाई लिएर गाली गर्दै सलाइन पानी चढाएपछि म होशमा आएँ । म होशमा आएपछि काकाहरूले सम्झाइ-बुझाइ गर्न लाग्नुभयो । तँ बुझ्ने मान्छेले यसरी चिन्ता लिएर हुन्छ, हेर त तेरो कारणले आमाको हालत के भएको छ भनेर उता कुनापट्टिको १४ नं. को बेडमा आमालाई देखाएपछि म रनभुल्लमा परें ।

*-साहित्यपोस्ट डटकम*

*भर्चुअल दुनियाँको असर बारे थाहा पाएँ । सिटिङ रूममा बाबा, ममी र दिदीहरूसँग रमाउँदै लुँडो खेलेको याद आयो । स्कूल पढ्दा एक बजेको टिफिन टाइममा साथीहरूसँग क्यारेम बोर्ड खेलेको याद आयो । 'यस्तै यस्तै धेरै कुरा दिमागमा एक पछि अर्को गर्दै कुस्ती गर्न थाले । आउने पुस्ताको भविष्य के होला भन्ने चिन्ताले मेरो मानसिकतामा जोड तोडले हिर्काउँदै गयो । पछि मेरा छोराछोरीहरू पनि कोठाको एउटा कुनामा बसेर मार्छु, हान्छु भन्दै बरबराउन थाले भने ? परिवारका सदस्यसँग कुनै वेला पनि इन्टर्याक्सन गरेनन् भने ? यसरी भर्चुअल तरीकाबाट एक्लै एक्लै बरबराउँदा गेम हारेर अपोनेन्टलाई साँच्चिकै काटे, मारे भने ? यस्तै यस्तै कुराहरूले मेरो दिमाग भरिएर आयो । नशाहरूमा रगतको मात्रा वर्षा याममा खहरे उर्ले झैँ एकाएक बढ्दै आयो । हात-गोडा सल्याकसुलुक भएँ । मेरो शरीर कोभिड लागेको बिमारीको भन्दा भयानक विक्षिप्त बिमारी भयो । म बिरामी भएको कुरा उता पल्लो कोठाको काकाले थाहा पाउनुभएछ । त्यसपछि मेरो घरमा खबर गरिदिनु भयो । त्यो वेला सम्म म पूर्ण होश मै थिएँ । मैले सबैको कुरा सुनिरहेको थिएँ । एकाएक धेरै जना जम्मा हुँदै गए तर मेरो वरिपरि कोही आएन । सबै जनाले म माथि शंकाको तीखो भाला गाडे । मैले म ठीक छु भन्दाभन्दै पनि खै कसले एम्बुलेन्स बोलाइदिएछ । एकैछिनमा एम्बुलेन्स आइपुग्यो । मैले म अस्पताल जान्न भन्दा पनि मलाई जान बाध्य बनाइयो ।*

# लोकतान्त्रिक खेलकुद संघ पाल्पाको अध्यक्षमा महर्जन नियुक्त



**पाल्पा,** मंसिर २६/नेपाल लोकतान्त्रिक खेलकुद संघ पाल्पाको अध्यक्षमा रूपेश महर्जन नियुक्त भएका छन् । उनलाई मंगलबार लोकतान्त्रिक खेलदकुद संघका केन्द्रीय अध्यक्ष देवेन्द्र कुमार शेरचनले खेलकुद संघको विधान २०७९ को भाग ६ को २४ बमोजिम पाल्पा जिल्लाको अध्यक्षको रुपमा नियुक्त गरेका हुन् ।

संघको अुशासन र मर्यादामा रही संघलाई चुस्त र दुरुस्त रुपमा अगाडि बढाउने अपेक्षासहित महर्जनलाई अध्यक्षमा नियुक्त गरिएको संघका केन्द्रीय अध्यक्ष शेरचनले बताए । संघको केन्द्रीय समितिले महर्जनलाई पाल्पा अध्यक्षमा नियुक्त गरेको पत्र नेपाली काँग्रेस केन्द्रीय कार्यालय, नेपाली काँग्रेस केन्द्रीय खेलकुद विभाग र नेपाली काँग्रेस पाल्पालाई बोधार्थ गरेको छ । नेपाली काँग्रेस पाल्पाका सभापति हिमालदत्त श्रेष्ठले नेपाल लोकतान्त्रिक खेलकुद संघ पाल्पाको अध्यक्षमा महर्जनलाई नियुक्त गरेको पत्र पार्टीलाई प्राप्त भएको र बुधबार उनलाई एक कार्यक्रमका बिच हस्तान्तरण गरिएको जानकारी दिए । उनले अध्यक्ष महर्जनले खेल क्षेत्रको विकासका माध्यमबाट पार्टी संगठनलाई थप बलियो र मजबूद बनाएर लैजान महत्वपूर्ण भूमिका खेल्नेमा विश्वास व्यक्त गरे । जिल्ला अध्यक्षमा नियुक्त भएका महर्जनले जिल्लाको खेल र पर्यटन क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउदै आएका छन् । सामाजिक र राजनीतिक क्षेत्रमा समेत सक्रिय उनी पाल्पा साइकिलिङ्ग संघका अध्यक्ष समेत हुन् । महर्जन नेपाल तरूण दल पाल्पाका वर्तमान कोषाध्यक्ष,बुद्धिचाल संघ पाल्पाका पूर्व अध्यक्ष एवं पाल्पाका पूर्व फुटबल खेलाडी पनि हुन् । अध्यक्षमा नियुक्त भएसँगै उनले जिल्लाको खेलकूद क्षेत्रको विकामा आफु इमान्दार र सक्रिय भएर लाग्ने बताएका छन् । उनले सुस्ताउदै गएको खेलका गतिविधिहरुलाई चलायमान बनाउँदै दक्ष र अब्बल खेलाडी उत्पादन गर्ने दिशामा लाग्ने समेत बताए ।

# आज अन्तर्राष्ट्रिय तटस्थ दिवस

**पाल्पा,** मंसिर २६/आज अंग्रेजी डिसेम्बर महिनाको १२ तारिक अर्थात् अन्तर्राष्ट्रिय तटस्थता दिवस । विश्वमा पूर्ण स्वतन्त्रताको अपेक्षासहित विश्वभर यो दिवस मनाउने गरिन्छ ।




नेपालमा पनि यो दिवस मनाइँदै छ । विश्वलाई माथि उठाउँदै तटस्थ र शान्तिपूर्ण बनाउन यो दिवसको विशेष महत्व रहने गरेको छ । यो राष्ट्रसंघद्वारा घोषित दिवस हो । तुर्किमेनिस्तानद्वारा प्रस्तावित महासभाद्वारा प्रस्ताव नं. ७१/२७५ मार्फत विनामतदान पारित गरिएदेखि यो दिवस मनाउन थालिएको पाइन्छ । शान्तिका लागि तटस्थताको आवश्यकतालाई ध्यानमा राख्दै हरेक वर्ष संयुक्त राष्ट्र संघले आृना सदस्य राष्ट्रहरू मार्फत दिवस मनाउने गरेको छ । राष्ट्रहरूको आन्तरिक नीतिमा तटस्थताको सिद्धान्त लागू गर्न सके मात्र विश्व शान्तिको नारा गुञ्जायमान रहन्छ भन्नेमा राष्ट्रसंघको विश्वास रहेको पाइन्छ । राष्ट्रसंघको मुख्य कार्यहरुमा कूटनीति प्रमुख मध्य पर्दछ । राष्ट्रसंघले तटस्थताको पैरवीका साथै रोकथामका कुटनीतिको पनि पैरवी गर्दै आएको छ । आसन्न भारत पा विवाद, मध्यपूर्व र पश्चिमा देशहरूको तनाव, उत्तर दक्षिण कोरिया विवाद लगायतहरुमा राष्ट्रसंघले तटस्थताको पैरवी र मध्यस्थतताको कार्य गर्दै आएको छ ।

विशेषगरी विश्वयुद्धताका विकृत भएका देशहरूमा विश्व परिवेश भन्दा पनि गुटवन्दी र समूहको प्रभाव बढी देखिएको थियो । अबको विश्वमा सबै राष्ट्रहरूको सार्वभौमिकताको पहिचान स्वीकार गर्दै तटस्थ र शान्ति मैत्री विश्व समाजको अवधारणा यस दिवसले अघि सारेको छ । राजनीतिक द्वन्द्व, संकट युद्वसमेतबाट आक्रान्त भइरहेका वखत कूटनीतिसमेत प्रतिक्रियामा आधारित भई विकास भइरहेको समयमा द्वन्द्व संकट र युद्वसमेतलाई रोक्ने ध्येयले थालनी भएको 'प्रिभेन्टिभ डिप्लोमेसी'को आरम्भसमेत मान्ने गरिएको यो दिवस नेपालजस्ता विकासोन्मुख देशहरूका लागि उपयोगी हुने ठानिएको छ ।

मनको आवाज.............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

## खेलकुद समाचार

### जनकपुरको अपराजित यात्रा टुङ्गियो



**काठमाडौँ,** मंसिर २६/नेपाल प्रिमियर लिग (एनपीएल) क्रिकेटमा जनकपुर बोल्ट्सको चार खेलको अपराजित यात्रा टुङ्गिएको छ । बुधबार भएको खेलमा जनकपुर सुदूरपश्चिम रोयल्सँग ७२ रनले पराजित भयो । सुदूरपश्चिमले दिएको १ सय २४ रनको लक्ष्य पछ्याएको जनकपुर १२ ओभर १ बलमा ५१ रनमा अलआउट भयो । एनपीएलमा यो सबैभन्दा कम योगफल हो । यसअघि चितवन राइनोजसँगको खेलमा पोखरा एभेन्जर्स ७४ रनमा समेटिएको थियो । जनकपुरका जोशुआ ट्रोम्पले सबैभन्दा धेरै १३ रन बनाए । जनकपुरका अन्य खेलाडीले दोहोरो अङ्कमा रन बनाउन सकेनन् । सुदूरपश्चिमका हरमीत सिंह, कप्तान दीपेन्द्रसिंह ऐरी र ईशान पाण्डेले २/२ विकेट लिए । यसअघि कीर्तिपुरको त्रिवि क्रिकेट मैदानमा टस हारेर ब्याटिङको निम्तो पाएको सुदूरपश्चिम रोयल्सले २० ओभरमा ९ विकेट गुमाएर १ सय २३ रन बनायो । सुदूरपश्चिमका विनोद भण्डारीले ३३ रन बनाए । जनकपुर बोल्ट्सका किशोर महतोले ४ विकेट लिए । यो जीतसँगै सुदूरपश्चिम तालिकाको शीर्ष स्थानमा उक्लिएको छ । सुदूरपश्चिमले ५ खेलमा ८ अङ्क जोडेको छ । जनकपुरले पनि ५ खेलमा ८ अङ्क जोडे पनि नेट रन रेटका आधारमा दोस्रो स्थानमा छ । एनपीएलमा बुधबारको दोस्रो खेलमा दिउँसो १ बजे काठमाण्डौ गुर्खाज र लुम्बिनी लायन्स खेल्दैछन् ।

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत
डिस्प्लेमा
विज्ञापन
दिनुहोस्
व्यवसाय
बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

# गरिमा बैंकले म्युचुअल फण्ड निष्कासन गर्दै




**पाल्पा,** मंसिर २६/गरिमा विकास बैंकले म्युचुअल फन्ड निकाष्कासन गर्न थालेको छ । बैंकले आगामी पुस ७ देखि सर्वसाधारणका लागि फन्ड निष्कासन गर्न लागेको हो । बैंकको कोष प्रवर्द्धनमा गरिमा समृद्धि योजना सर्वसाधारणका लागि निष्कासन गर्न लागिएको बैंकले जनाएको छ ।


बैंकका अनुसार बन्दमुखी यस योजना छिटोमा पुस ११ र ढिलोमा २१ गतेसम्म आवेदन खुल्नेछ । प्रतिइकाइ १० रुपैयाँ रहने म्युचुअल फन्डमा न्यूनतम १०० र अधिकतम १ करोड इकाइका लागि आवेदन दिनुपर्ने छ । अनलाइन प्रणाली मेरो सेयरमार्फत आवेदन दिन सकिनेछ । कुल १ अर्ब रुपैयाँको १० करोड इकाइ जारी हुनेमा ८ करोड ५० लाख इकाइ सार्वजनिक रुपमा बिक्रीका लागि खुला गरिन लागेको हो ।१० वर्षे अवधिको यस योजना बन्दमुखी रहेकाले दोस्रो बजारमा कारोबार हुनेछ । विभिन्न कम्पनीका सेयर, ऋणपत्र, योजना, निक्षेप, मुद्रा बजारका उपकरणमा योजनाबाट संकलित रकम लगानी हुनेछ । दोस्रो बजारमा हाल ३६ वटा बन्दमुखी योजना सूचीकृत छन् । तीमध्ये कतिपय योजना अंकित मूल्य १० रुपैयाँभन्दा सस्तो पाइने गरेको छ । यसमा पुस ११ गतेसम्म आवेदन दिन सकिनेछ । सो अवधिमा सबै सेयर बिक्री नभएमा पुस २१ गतेसम्म आवेदन दिन सकिने छ । गरिमा क्यापिटलको व्यवस्थापनमा सञ्चालन हुन लागेको यो पहिलो म्युचुअल फन्ड हो । बैंकले देशभर बैंकिङमार्फत ग्राहकलाई अत्याधुनिक र गुणस्तरीय सेवा प्रदान गर्दै आएको छ । यो 'द बेस्ट बैंक इन एसेट्स क्वालिटी अवार्ड' नामक अन्तर्राष्ट्रिय अवार्डबाट सम्मानित बैंक हो ।

बैंकले भारतीय चेम्बर अफ कमर्सद्वारा नयाँ दिल्लीमा आयोजित सेकेन्ड इमर्जिङ एसिया बैंकिङ कन्क्लेभ एन्ड अवार्ड कार्यक्रममा उक्त अवार्ड हात पार्न सफल भएको थियो । कर्जा तथा अन्य लगानीको गुणस्तर उत्कृष्ट रहेका बैंक तथा वित्तीय संस्थाहरूलाई त्यस्तो अवार्ड प्रदान गरिन्छ । उक्त अवार्डको प्राप्तिले गरिमा विकास बैंकले प्रवाह गर्ने कर्जा तथा अन्य लगानीको गुणस्तर उत्कृष्ट रहनुका साथै सुरक्षितसमेत रहेको पुष्टि हुन्छ ।

हार्दिक बधाई तथा शुभकामना







निर्माण व्यवसायी संघ पाल्पाका वरिष्ठ उपाध्यक्ष,सामाजिक व्यक्तित्व **श्री विष्णु बहादुर कार्की** तानसेनमा सम्पन्न **पाल्पा व्यापार संघको सातौं साधारण सभा तथा चौथौं अधिवेशनबाट संघको अध्यक्ष जस्तो गरिमामय पदमा** निर्विरोध निर्वाचित हुनुभएकोमा उहाँहरुसहित सम्पूर्ण निर्वाचित व्यक्तित्वहरुमा **हार्दिक बधाई तथा सफल कार्यकाल** को शुभकामना व्यक्त गर्दछौं ।

दामोदर गैरे
अध्यक्ष
एवं
निर्माण व्यवसायी संघ परिवार
तानसेन, पाल्पा

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई